# ३४

# व्यवहारमा चाहिएको इको टुरिजम्

## सुरेन्द्र फुँयाल

संसारभरका पदयात्री, पर्वतारोही र अन्य साहसिक खेलप्रेमीहरूमाझ नेपाल प्रसिद्ध हुँदै गइरहेको छ । यहाँका अग्ला-अग्ला हिमशिखर, नागबेली पर्दै चट्टानमा बज्रिँदै बग्ने नदीहरू संसारका साहसिक खेलप्रेमीहरूको जिज्ञासा र आकर्षणको विषय बन्दै आएका छन् । चालीस वर्षको अवधिमा नेपाल आउने पदयात्री, पर्वतारोहण गर्न आउने पर्यटकको सङ्ख्या बीस गुणाले बढेको छ । सन् १९६६ मा नेपाल आउने पर्यटकको ०.१ प्रतिशतमात्र पर्वतारोहण र पदयात्राका लागि आउँथे भने सन् १९९७ मा यस्ता क्रियाकलापका लागि आउनेको प्रतिशत बढेर २१.७ पुगेको छ । (...)

पहाडी पर्यटनका चौतर्फी असरहरूबारे अध्ययन गर्ने विज्ञहरू भन्छन्– यस्तो अव्यवस्थित पर्यटनले ती क्षेत्रको संस्कृति, प्रकृति, जनजीवन, अर्थतन्त्र र वातावरणमा नकारात्मक असर पुऱ्याइरहेको हुन्छ ।

त्यहाँको पर्यटनका सामाजिक वातावरण र प्राकृतिक वातावरणलाई प्रभावित गरिरहेको हुन्छ । यहाँ 'इको टुरिजम्' (पर्यावरणीय पर्यटन) भनेर हल्लाखल्ला जति मच्चाए पनि एक दुईवटालाई छोडेर यहाँ वास्तविक 'इको टुरिजम्'को व्यवहार अझै शुरुआत हुन सकिरहेको छैन ।

एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड)का योजनाकार प्रा. पीताम्वर शर्मा भन्छन्, "खै कहाँ छ दिगो टुरिजम् ? सरकार इको टुरिजम्, इको टुरिजम् भन्छ, तर कामहरू राम्ररी भएका छैनन् । पर्यटनले छाड्ने प्रभावहरूको व्यवस्थापन हुन सक्नुपर्छ, तर भएको छैन ।"

पूर्व वन संरक्षण अधिकृत तथा राजधानीका सफल पर्यटन व्यवसायी कर्ण शाक्य थप्छन्, "यहाँ इको टुरिजम् मागी खाने भाँडो बनेको छ । अधिकांश निजी पर्यटन व्यवसायीहरूले इको टुरिजम्को नारा जति बेचे पनि व्यवहारमा इको टुरिजम् शुरु भएको छैन । सौराहामा कङ्क्रिट जङ्गल र खुला चिडियाखाना बनाएर कहीँ पर्यावरणीय पर्यटन हुन्छ ?"

*हाका-हाकी,* ४(६): २८-२९, पुस २०५७ मा प्रकाशित ।

विज्ञहरूका अनुसार एकातिर सरकारसँग इको टुरिजम्लाई एक्काइसौँ शताब्दीमा कसरी अगाडि बढाउने भन्ने नीति र संयन्त्रहरूको अभाव छ भने अर्कोतिर संसारभर नै पर्यटन व्यवसाय पहाडी क्षेत्रमा सन् १९८९ देखि १९९८ को बीचमा पर्यटनको वृद्धिदर १ प्रतिशतबाट ९.१ प्रतिशत पुग्यो। अहिले दक्षिण एशियामा खासगरी यहाँका पहाडी क्षेत्रहरूमा पर्यटनको वृद्धिदरलाई उत्साहप्रद मानिन्छ ।

पर्यटनले हिन्द-कुश हिमालयको अर्थतन्त्रलाई धेरै आकर्षित गरिरहेको छ। तर जानकारहरू भन्छन्, यो उत्साहप्रद वृद्धिले दुःखद परिणामहरू निम्त्याउन सक्छ– देश-देशावरबाट आएका अनेकखाले पर्यटकले दुर्गम हिमालय क्षेत्रका संस्कृति, प्रकृति र अन्य वातावरणमा नकारात्मक असर पुऱ्याउन सक्छन् । त्यहाँको चौतर्फी वातावरणलाई सुस्त-सुस्त प्रदूषित बनाउँदै लैजान सक्छन् र कृषि एवं पहाडजन्य अर्थतन्त्रलाई पूर्णतया पर्यटनमुखी बनाउन सक्छन् । अध्ययनहरूले देखाएका छन्, हिन्द-कुश हिमालय क्षेत्रका प्रचलित पदयात्रा गर्ने स्थलहरूमा जङ्गल सखाप भएका छन्, वातावरण प्रदूषित र स्थानीय युवायुवती विदेशिएका छन् ।

तर सगरमाथा र अन्नपूर्ण क्षेत्रमा भने हालका वर्षहरूमा आएर स्थिति सुध्रिने लक्षण देखिएको छ। सगरमाथाबाट पर्यटकले प्रयोग गरेर फ्याँकेका रित्ता सिसीहरू फर्किन थालेका छन् भने सगरमाथा र अन्नपूर्ण क्षेत्रमा हरियाली बढेको छ। स्थानीय जनजीवनमा पनि सुधार आउन थालेको छ। पर्यटनले नकारात्मक प्रभावहरू मात्र नछोडी सरसफाइ र संरक्षणप्रति जनचेतना पनि ल्याउन सघाउँदो रहेछ भन्ने उदाहरण यी क्षेत्रले प्रस्तुत गरेर देखाएका छन् ।

विज्ञहरूका अनुसार पर्यटन दिगो हुन सक्नुपर्छ, वातावरण संरक्षणमा टेवा पुऱ्याउने खालको हुनुपर्छ र संस्कृति धर्म जात-जातिको आ-आफ्नो वा मौलिकतामा विचलन नल्याउने खालको हुनुपर्छ ।

“हाम्रो देशमा त्यस्तो पर्यटन चाहिएको छ, जसले स्थानीय समुदायहरूलाई सघाउन सकोस्,” इसिमोडका प्राध्यापक शर्मा भन्छन्, “त्योसँगै यसले स्थानीय वातावरणलाई बचाउन सकोस् । पर्यावरणीय पर्यटन भनेको त्यो हो, जसले संरक्षण र संवर्द्धनमा योगदान पुऱ्याउन सक्छ। पर्यटन दिगो हुनुपर्छ। जसको प्रतिफल नयाँ सन्ततिहरूले समेत पाउन सकून् ।”

संयुक्त राज्य अमेरिकाको एउटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत समेत रहिसक्नु भएका कर्ण शाक्यलाई भने चितवन राष्ट्रिय निकुञ्जमा अन्धाधुन्ध पर्यटक लगेर पृथ्वीका बाँकी रहेका गैँडा देखाउने प्रवृत्ति पटक्कै मन परेको छैन । शाक्य भन्छन्, “यो तरिका भएन । यसो गर्नाले गैँडाको प्राकृतिक प्रजनन् प्रकृयामा गम्भीर असर पर्न सक्छ। त्यहाँ पर्यटक लैजाने एउटा समय तालिका बनाउनुपर्छ ।”

वन्यजन्तु विषेशज्ञहरूका अनुसार मानिसहरू नजिक भएको बेला एउटा भाले गैँडा अर्को पोथी गैँडाको नजिक आउन लजाउँछ र यो क्रम दोहोरिइरहेमा गैँडाको सङ्ख्या वृद्धि हुने प्रकृयामा नै अवरोध आउन सक्छ । तर विश्व सम्पदामा अङ्कित

भइसकेको चितवन जस्तो राष्ट्रिय निकुञ्जभित्र होटल र रिसोर्टहरू राख्नु, सडक पुल आदि बनाउनु दिगो संरक्षणको पक्षमा नभएको विज्ञहरूको गुनासो छ। जुन कदम वातावरण र पृथ्वी बचाउने पक्षमा हुँदैन त्यो पर्यावरणको पक्षमा हुँदैन, पर्यावरणीय पर्यटन कहलाइँदैन। ♦